माई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शित्तली, इलाम

फो न: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज: fb.com/maimun

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.:

माई नगरपालिका नगरकार्यपालिकाको कार्यालय शित्तली, इलाम कोशी प्रदेश, नेपाल

## ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति :२०८२/१२/०९**

यस माई नगरपालिका अन्तर्गत संचालित तपशिल बमोजिमको ठेक्का सम्झौताको निर्माण कार्य म्याद भित्रै सम्पन्न गर्नु पर्नेमा सो हुन नसकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरू बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको तथा कार्य अधुरो छाडी लामो समयदेखी निर्माणस्थललाई अलपत्र पारेको हुँदा मिति २०८२/१०/०४ मा यस कार्यालयबाट ठेक्का सम्झौताका शर्त एवं प्रचलित कानून बमोजिम ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशित गरी स्पष्टिकरण माग गरिएकोमा निर्धारित अवधिमा निज निर्माण व्यवसायीबाट स्पष्टिकरण प्राप्त हुन नसकेको हुँदा सार्वजनिक खरिद ऐन . २०६३ को दफा ५९ ( २ ) एवं ठेक्का सम्झौताको GCC 72.1 र GCC 72.2 ( Termination by Employer upon Fundamental Breach by Contractor) मा भएको व्यवस्था र सारभूत रुपमा उक्त निर्माण व्यवसायीबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण व्यवसायी स्वयबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९( ७ ) समेतको आधारमा यस कार्यालयको मिति २०८२/१२/०६ को निर्णयानुसार ठेक्का अन्त्य ( Terminate ) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यसर्थ सम्बन्धित निर्माण व्यवसायीलाई ठेक्का सम्झौताको GCC 76.2 परिपालना गर्न अनुरोध गरिन्छ । ठेक्का अन्त्य पश्चात् सार्वजनिक खरिद ऐनको दफा ५९ ( ८ ) र दफा ६३ सार्वजनिक खरिद नियमावलीको नियम १४१ एवं ठेक्का सम्झौताको GCC 74 र GCC 75.1 आकर्षित भई सोही बमोजिमका कारबाही प्रकृया अगाडी बढाइएको व्यहोरा समेत जानकारी गराइन्छ । साथै ठेक्का सम्झौताको GCC 75.1 वमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रुपमा सम्पन्न भईसकेका कुनै कार्य भएमा यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्बन्धित निर्माण व्यवसायीलाई यस कार्यालयमा उपस्थित भई वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ । निर्धारित अवधिभित्र सम्बन्धित निर्माण व्यवसायी वा निजको प्रतिनिधि यस कार्यालयमा उपस्थित नभएमा कार्यालयबाटै उक्त कार्य गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सी.न. | ठेक्का न. | ठेक्काको नाम/ठेक्काकोविवरण | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | MM/NCB/WORKS/23/079/80 | Construction of Ward Office Building in Mai Municipality-05 | ए.बि.सी निर्माण सेवा, माई जोगमाई - ०३,इलाम |

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत